# खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी दिगो विकास लक्ष्य कार्यान्वयन परियोजना-चरण-२

## (WASH SDG Nepal Implementation Phase-2)



## परिचय

एकीकृत शहरी विकास केन्द्रले शहर र शहर उन्मुख गाउँहरुका समुदायहरुलाई सुरक्षित खानेपानी, सरसफाइ र स्वच्छताको पहुँच पुऱ्याउनको लागि विविध गतिविधिहरु संचालन गर्दै आइरहेको छ । नेपालको संविधानले खानेपानी तथा सरसफाइलाई नेपाली जनताको मौलिक हकको रुपमा स्वीकार गरेपश्चात सबै नेपालीहरुलाई दिगो खानेपानी तथा सरसफाइको सुनिश्चितताको लागि स्थानीय तह देखि केन्द्रिय तह सम्म विविध गतिविधिहरु संचालन गर्दै आएको छ। दिगो विकास लक्ष्यले तय गरेका उद्देश्यहरुलाई परिपुर्तिको लागि नगर/गाउँपालिकासँगको समन्वयमा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी गतिविधिहरु संचालन गर्दै आइरहेको छ।

## परियोजनाको अवधारणा

नेपालको संविधानमा मौलिक हकमा प्रत्येक नागरिक्लाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक सुनिश्चित गरेको र विद्यालय क्षेत्र विकास योजनाले गुणस्तरीय शिक्षाका लागि विद्यालयमा स्वच्छ खानेपानी व्यवस्थापन, सरसफाइका सुविधा र स्वच्छ वातावरणको आवश्यकतालाई महत्वपूर्ण पक्षको रुपमा लिएको छ। विद्यालयहरुमा आधारभूत खानेपानी, सरसफाइ र स्वच्छताको प्रावधान हुनुपर्ने गरी सूचकहरु पनि तोकिएको छ । विद्यालयहरुमा खानेपानी र सरसरफाइको सुविधा एवं स्वच्छ वातावरणको विकास तथा प्रवर्द्धन गर्ने कार्यमा एकरुपता ल्याई सिकाइ उपलब्धि तथा शैक्षिक गुणस्तरमा सुधार गर्न आवश्यक भएकोले यो परियोजना कार्यान्वयन गर्न एकीकृत शहरी विकास केन्द्रले नेदरल्याण्डको Simavi तथा WAI Nepal संग सेप्टेम्वर ६,२०२० मा संम्भौता भएको छ । त्यसैले नेपाल सरकारले तय गरेको राष्ट्रिय मापदण्ड अनुरुपको विपद जोखिम न्युनिकरण सहितको बालमैत्री, लैगिकमैत्री तथा अपांगमैत्री संरचनाहरु निर्माण गर्न छनौट गरिएका सामुदायिक विद्यालयहरुमा उत्थानशील खानेपानी, सरसफाई तथा स्वच्छताका सेवाहरु पुऱ्याउन अभिप्ररित गर्नु रहेको छ।

## लक्ष्य

सामुदायिक विद्यालयमा दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धन गरी शैक्षिक उपलब्धि बढाउन अनुकूल वातावरणको सिर्जना गर्ने।

## उद्देश्यहरु

- जोखिममा परेका विद्यालयहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छता, फोहर व्यवस्थापन र वातावरणीय सुधारका पूर्वाधार सम्वन्धी सेवाहरुको विस्तृत अध्ययन गर्नु।
- संवेदनशील अवस्थामा लैङ्गिय समानता र सामाजिक समावेशीकरणका आधारमा विद्यालयको संचालन र मर्मत सहितको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी सुधार योजना तयार गर्नु।
- विद्यालयहरुमा दिगो सेवाहरु विस्तार गर्नको लागि खानेपानी, सरसफाइ तथा स्व्च्छता सम्वन्धमा प्राथमिकताका आधारमा कार्यहरु कार्यन्वयन गर्न सहयोग गर्नु।
- विद्यालयहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागि विभिन्न तहमा क्षमता विकासका लागि कार्यशाला, तालिम तथा अभिमखिकरणका गातिविधि संचालन गर्नु।

## प्रमुख गतिविधिहरु

- विद्यालयहरुको खानेपानी, सरसफाइ तथा स्वच्छताको वस्तुस्थिति अध्ययन,

विश्लेषण र प्रतिवेदन तयार गरिनेछ।

- विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागि विभिन्न तहमा क्षमता विकासका लागि तालिम, अभिमखिकरणका गातिविधि संचालन गरिनेछ।
- संस्थागत खानेपानी, सरसफाइ तथा स्वच्छताको अभिवृद्धि गर्न विद्यालयहरुमा योजनाहरु समाहित गर्न नगरपालिकाहरु संग कार्यशाला गोष्ठी संचालन गरिनेछ।
- विद्यालय सुधार योजनामा खानेपानी, सरसफाइ तथा स्वच्छता समावेश गर्न विद्यालय संग समन्वय र अनुगमन गरिनेछ।
- संकटा सन्नता र क्षमता विश्लेषण औजार प्रयोग विधि विषयक विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्पर्क शिक्षक शिक्षिकाहरुको तालिम संचालन गरिनेछ।
- महिनावारी तथा स्वच्छता व्यवस्थापन विषयक छात्र छात्रहरुको तालिम संचालन गरिनेछ।
- स्यानेटरी प्याड तयार गर्ने तालिम संचालन गरिनेछ।
- विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतामा तीन तारा पद्धति र विद्यालय कार्य योजना तयार विषयक तालिम संचालन गरिनेछ।
- विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छताको पहुँच सम्वन्धमा बाल-बालिका केन्द्रित लेखाजोखा तयार गरिनेछ।
- विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छताको पहुँच सम्वन्धमा बाल- बालिका केन्द्रित लेखाजोखा सम्वन्धमा विद्यालय तथा स्थानीय निकायहरुको लागि प्रतिवेदन तयार गरिनेछ।
- विद्यालयमा जनचेतनामुलक कार्यक्रम (विश्व हातधने दिवस, विश्व महिनावारी स्वच्छता दिवस आदि) कार्यक्रम संचालन गरिनेछ।

## कार्यक्षेत्र

विद्यालय स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी दिगो विकास लक्ष्य कार्यान्वयन परियोजना चरण-२ बाँके जिल्लाको कोहलपुर नगरपालिकाको ६ वटा सामुदायिक विद्यालयहरु र बैजनाथ गाउँपालिकाको ७ वटा सामुदायिक विद्यालयहरुमा संचालन गरिनेछ।





## समयावधि

यो परियोजनाको संचालन अवधि १८ महिनाको रहने छ।

## अपेक्षित उपलब्धी

नेपाल सरकारले तय गरेको राष्ट्यि मापदण्ड अनुरुपको विपद जोखिम न्युनिकरण सहितको बालमैत्री, लैगिकमैत्री तथा अपांमैत्री संरचनाहरु निर्माण भई छनौट गरिएका विद्यालयहरुमा उत्थानशील खानेपानी, सरसफाई तथा स्वच्छताका सेवाहरु पुगेको हुनेछ।

## परियोजनामा संलग्न संस्थाहरु

- कोहलपुर नगरपालिका, बाँके
- बैजनाथ गाउँपालिका, बाँके
- लुमन्ती (Lead Partner)
- एकीकृत शहरी विकास केन्द्र, ललितपुर
- सहकर्मी समाज, कोहलपुर
- Biruwa Advisors, Kathmandu
- १३ वटा सामुदायिक विद्यालयहरु

## दातृ सहयोगी संस्था

- Simavi/WAI Nepal


**सम्पर्क :**

**एकीकृत शहरी विकास केन्द्र**
**खानेपानी सरसफाइ तथा स्वच्छता परियोजना-२**
**WASH SDG Project-2**
फिल्ड कार्यालय
कोहलपुर-११, एन.टी.भि. रोड, बाँके।
ईमेल : shiva.ciud@gmail.com

**केन्द्रिय कार्यालयः**
**एकीकृत शहरी विकास केन्द्र**
Centre for Integrated Urban Development
वडा नं. २ गुसिंगाल, सानेपा, ललितपुर महानगरपालिका
ललितपुर, नेपाल, GPO ८८७५, EPC १८१६
फोन : ९७७ १ ५५२८२२६

ईमेल : info@ciud.org.np
URL: http://www.ciud.org.np